"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

ललितपुर
३ प्रदेश, नेपाल

फोन : ०१-५५८०६५४
: ०१-५५८०७००
फ्याक्स : ०१-५५८०७०३

मिति : २०७५।०७/०६

### बिषय : पूर्व प्राथमिक विद्यालय सम्वन्धि सूचना ।

उपरोक्त सम्वन्धमा यस महालक्ष्मी नगरपालिकामा सञ्चालित पूर्व प्राथमिक विद्यालय, विद्यालयहरु तथा अभिभावक ज्यूहरुले देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार यो सूचना प्रकाशित गरिएको छ ।

१. यस महालक्ष्मी नगरपालिका भित्र अनुमति लिई सञ्चालनमा रहेका पूर्व प्राथमिक विद्यालयहरुलाई यस नगरपालिकामा दर्ता अद्यावधिकका लागि पटक पटक जानकारी गराई सकिएको छ । यदि अनुमति लिई सञ्चालन भईरहेका पूर्व प्राथमिक विद्यालयहरु दर्ता अद्यावधिक नभएका भए महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा सञ्चालन तथा नियमन कार्यविधि, २०७४ बमोजिम यथासिघ्र दर्ता अद्यावधिक गर्नु हुन सूचित गरिन्छ । यदि दर्ता अद्यावधिक नगरिएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

२.यस नगरपालिका भित्र अनुमति लिएर मात्र पूर्व प्राथमिक विद्यालय सञ्चालन गर्नु हुन अनुरोध छ । यदि कोही कसैले विना अनुमति अवैध ढंगले यस्ता शिशु स्याहार केन्द्र, वालविकास केन्द्र, मन्टेश्वरी, किन्डरगार्टेन वा पूर्व प्राथमिक विद्यालय सञ्चालन गरेको पाइएमा नियमानुसार कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

३. अनुमति नलिई अवैध ढंगवाट सञ्चालन भएका पूर्व प्राथमिक विद्यालयवाट आएका विद्यार्थीहरुलाई कुनै पनि विद्यालयले भर्ना नगर्नु नगराउनु हुन समेत जानकारी गराइन्छ ।

४. अनुमति नलिई सञ्चालन भएका अवैध पूर्व प्राविहरुमा बालवालिकाको सुरक्षणको जवाफदेहिता नहुने, यस्ता विद्यालयका बालबालिकाहरुलाई विद्यालयहरुले भर्ना नलिने र बालमैत्री वातावरणका साथै बाल अधिकारको समेत सुनिश्चितता नहुने भएकोले अभिभावक ज्यूहरुले यस्ता विद्यालयहरुको वैधानिकता भए नभएको यकिन गरेर मात्र बालवालिकाहरुलाई भर्ना गराउनु हुन समेत अनुरोध छ ।

२०७५।०७।०५
माधवप्रसाद पोखेल
शाखा अधिकृत

बोधार्थ :
श्री नगरप्रमुख, महालक्ष्मी नगरपालिका : जानकारीका लागि